स्रोतः NATIONAL SAMPLE CENSUS OF AGRICULTURE २०२१/२२

तालिका नं. ७.१५ जलवायु परिवर्तन बारे जानकारी राख्ने र कृषि कार्यमा जलवायु परिवर्तनले पुऱ्याएको प्रभावअनुसार कृषक परिवार संख्या

| क्षेत्र | जम्मा कृषक परिवार संख्या | जलवायु परिवर्तन बारे थाहा हुने कृषक परिवार संख्या | कृषि कार्यमा जलवायु परिवर्तनले पुऱ्याएको प्रभाव उल्लेख गर्ने कृषक परिवार | कृषि कार्यमा जलवायु परिवर्तनले पुऱ्याएको प्रभावअनुसार कृषक परिवार | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | उत्पादनमा कमी | उत्पादनमा वृद्धि | फल/फसलको आकारमा परिवर्तन | स्वादमा परिवर्तन | बाली लगाउने समयमा फरक | धेरै वा कम वर्षा | रोग/ किराको प्रकोपमा वृद्धि | बिरुवा समयमा परिवर्तन | प्रजातिको लोप/ उत्थान | अन्य |
| गण्डकी प्रदेश | ४१२६७७ | १८२८५६ | १५८५९२ | १२८११९ | १३६९५ | ३२८७२ | २६४५६ | ५७१७१ | ८९८३४ | ९११७३ | ९१३८ | ९४४२ | ३५७ |
| तनहुँ | ५८५९५ | २३७९२ | २०३४५ | १६६९५ | १६७१ | ३५८६ | ३७२४ | ६४०९ | ११३८९ | ११९४० | ९५१ | ५५४ | ५२ |
| ऋषिङ्ग गाउँपालिका | ४३१५ | १५०० | १२०४ | ९०८ | ० | ० | ९७ | २९९ | १००८ | ९२३ | २९ | २० | ० |
| | १०० | ३४.७५ | २७.९१ | २१.०३ | ०.०० | ०.०० | २.२४ | ६.९२ | २३.३५ | २१.४० | ०.६८ | ०.४६ | ०.०० |

स्रोतः *राष्ट्रिय कृषि गणना २०७८ (www.agricensusnepal.gov.np)*

तालिका नं. ७.१६ लिङ्गअनुसार मुख्य कृषकको संख्या तथा कृषक परिवारको जनसंख्या

| | जम्मा कृषक परिवार संख्या | लिङ्गअनुसार मुख्य कृषक संख्या | | कृषक परिवारको जनसंख्या | |
|---|---|---|---|---|---|
| | | पुरुष | महिला | पुरुष | महिला |
| ऋषिङ्ग | ४३१५ | २६५३ | १६६२ | ७७५९ | ९५८२ |
| तनहुँ | ५८५९५ | २७६०३ | ३०९९३ | ९८५०९ | ११६४५८ |
| गण्डकी प्रदेश | ४१२६७७ | २१५९६४ | १९६७१३ | ७३७५२१ | ८३८६४९ |

*स्रोतः राष्ट्रिय कृषि गणना २०७८ (www.agricensusnepal.gov.np)*

## ७.४ पशु बिकास तर्फको नीति

१) किसानहरूलाई पशु उपचारमा सहजीकरण गर्न पशु चिकित्सक मार्फत प्राबिधिक घुम्ती सेवा प्रदान गरिने छ।

२) पशु पालनलाई व्यावस्थित गर्न भकारो सुधार कार्यक्रम संचालन गरिने छ।

३) उत्पादनको आधारमा कृषक तथा फर्मलाई अनुदान दिने व्यावस्था गरीनेछ।

४) पशु स्वास्थ शिबिर संचालन गरिने छ।

५) पशु बिमा कार्यक्रमको लागि सचेतना अभियान सुरु गरिने छ।

६) उत्पादन लागत घटाउन घाँस खेति कार्यक्रम संचालन गरिने छ।

७) पूर्ण खोप कार्यक्रम संचालन गरिने छ।

८) नश्ल सुधारको लागि उन्नत साँढे तथा राँगोबाट प्राकृतिक प्रजनन तथा निशुल्क कृतिम गर्भाधान कार्यक्रम संचालन गरिने छ।

९) कृषकको क्षमता वृद्धिको लागि तालिम , भ्रमण, गोष्ठी संचालन गरिने छ।

१०) पशुबाट मानिसमा र मानिसबाट पशुमा सर्न सक्ने जुनोटिक रोग बारेमा जनचेतना कार्यक्रम संचलान गरिने छ।

११) पशु सेवाको विभिन्न कार्यक्रमको लागि रास्ट्रिय तथा अन्तराष्ट्रिय दात्री निकाय सम्म सहकार्यमा कार्यक्रम संचालन गरिने छ।

१२) कृषि व्यावसायीहरूलाइ युवा स्वरोजगार कोष मार्फत सस्तो ब्याजदरमा ऋण प्रदान गरिने।

<u>विश्व खाद्य संगठनका अनुसार प्रतिव्यक्ति प्रति बर्ष आवश्यकता</u>

दुधः ९१ लिटर,

मासुः १४ केजी,

अन्डा ४५ गोटा

तालिका नं. ७.१७ व्यवस्थापनको आधारमा वन क्षेत्र

| क्र.सं. | वन क्षेत्र | संख्या | क्षेत्रफल (हेक्टर) | कैफियत |
|---|---|---|---|---|
| १ | सरकारद्वार व्यवस्थित वन | - | - | |
| २ | सामुदायिक वन | ६२ | ९०३७.६८ | वडा नं १ देखि ८ सम्म |
| ३ | संरक्षित वन | ० | ० | |
| ४ | धार्मिक वन | ० | ० | |
| ५ | कवुलियती वन | ० | ० | |
| ६ | निजी वन | ९३ | ५१७.९ | |
| जम्मा | | | ६२११.७९ | |

*स्रोतः डिभिजन वन कार्यालय तनहुँ, २०८२*

## खण्ड आठ
# भौतिक पूर्वाधार

## ८.१ पृष्ठभूमि

पोखराबाट करिब ५० कि. मी. को दुरीमा रहेको यस पालिका पर्यटकीय दृष्टिकोणवाट प्रचुर सम्भवना बोकेको पालिका हो। भौतिक पुर्वाधारको विकासमा अगाडि बढीरहेको छ। यातायात, सञ्चार, बिद्यूत, खानेपानी, विज्ञान तथा प्रविधि (बैकल्पिक उर्जा) लाई भौतिक तथा सार्वजनिक पुर्वाधारको रुपमा यहाँ विवरण प्रस्तूत गरिएको छ। अन्य सामाजिक आर्थिक प्राकृतिक साँस्कृतिक राजनीतिक क्षेत्रको विकासका लागि पनि भौतिक पूर्वाधारको विकास र यसको प्रयोग र अभ्यास अपरिहार्य छ। यस गाउँपालिकाको अधिकांश क्षेत्र पहाडी भिरालो भुगोल भएकोले पनि पूर्वाधारको विकासमा केही कठिनाई र बढी समय लाग्ने हुन सक्छ तर पनि यस गाउँपालिकाका ८ वटै वडाहरूमा सडक सुविधा , बिद्युत सेवा, सञ्चार सुविधा पुगेको छ, पर्यटन क्षेत्रको विकासका लागि पनि विभिन्न पूर्वाधार विकासका प्रयासहरू भैरहेका छन्। गाउँपालिकाका अनुसार यातायात पूर्वाधारमा ऋषिङ्ग गाउँपालिकाका सबै वडा, विद्यालयहरू तथा टोलटोलमा कच्ची मोटरवाटो पुगिसकेको छ भने मुख्य सडकहरू धेरैजसो पक्की भएका छन्।

## ८.२ यातायात पूर्वाधार

गाउँपालिकाका अनुसार यातायात पूर्वाधारमा ऋषिङ्ग गाउँपालिकाका सबै वडा, विद्यालयहरू तथा टोलटोलमा कच्ची मोटरवाटो पुगिसकेको छ।गाउँपालिकाको सबैजसो ठाउँहरूमा तालिका बमोजिम नियमित सार्वजनिक बस सेवा उपलब्ध छन्। बाह्रै महिन यातायात सञ्चालन गर्ने योजना अनुसार नयाँवाटो निर्माण तथा स्तरोन्नतीका लागि आवश्यक कार्यहरू गरिरहेको छ।

गाउँ पालिकादेखि वडा सम्मको दुरी

| वडा | वडा नं १ | वडा नं २ | वडा नं ३ | वडा नं ४ | वडा नं ५ | वडा नं ६ | वडा नं ७ | वडा नं. ८ |
|---|---|---|---|---|---|---|---|---|
| दुरी(कि.मि.) | ३५ | १८ | ३५ | २० | १५ | ३ | ३ | १० |
| वाटोको किसिम | पक्की | पक्की | पक्की | पक्की | पक्की | पक्की | पक्की | पक्की |

*स्रोतः ऋषिङ्ग गाउँपालिका, प्राविधिक शाखा, २०८२*

## ८.३ विद्युत र वैकल्पिक उर्जा र अन्य पुर्वाधार सम्बन्धी विवरण

**हाल निर्माणधिन सेती जलाशाययूक्त जलविधुत आयोजना यसै गाउँपालिकाको वडा नं. १ मा रहेको छ। सबै वडाहरूलाई केन्द्रीय प्रसारण लाइनले जोडेको छ।**

## ८.४ रङ्गशाला/खेलमैदान,सार्वजनिक शौचालय र बसपार्क सभागृह विवरण

खेल मैदानः छैन

सार्वजनकि शौचालयः १५ वटा
बसपार्कः १ वटा
सभागृहः छैन
सभाहलः १ वटा
श्रोतः ऋषिङ्ग गाउँपालिका

# खण्ड नौ
# पर्यटन तथा मनोरञ्जन

## ९.१ पृष्ठभूमि

पर्यटन भन्नाले सामान्यतः मनोरञ्जन, व्यापार वा अन्य प्रयोजनका लागि व्यक्तिले आफ्नो नियमित वासस्थान वा कार्यस्थल बाहिर गरिने यात्रा सम्बन्धी गतिविधिहरूलाई जनाउँछ। सामान्यतया, यो यात्रा एक वर्षभन्दा बढी अवधि नहुने र स्थायी बसोबास वा रोजगारीको उद्देश्य नभएको हुनुपर्छ।

मानव जातिको विकास क्रमदेखि नै एक स्थानबाट अर्को स्थानमा यात्रा गर्ने परम्परा रही आएको छ। यसर्थ, पर्यटन प्रत्येक देश र समाजको एक अभिन्न अंग बनेको छ।कुनै पनि देश वा समाजमा त्यहाँको अर्थतन्त्र, सामाजिक संरचना, सांस्कृतिक र भौगोलिक विविधता, भौतिक पूर्वाधार, रहनसहन, ऐतिहासिक सम्पदा तथा पर्यावरणीय अवस्थाहरूले पर्यटन गतिविधिमाप्रभाव पारेको हुन्छ। नेपालमा पाइने भौगोलिक, सांस्कृतिक, वातावरणीय, जैविक तथा प्राकृतिक विविधताले पर्यटनलाई एक महत्वपूर्ण सम्भावना युक्त क्षेत्र बनाएको छ। यहाँ हिमालदेखि तराईसम्म फैलिएका प्राकृतिक छटाहरू, धार्मिक तथा सांस्कृतिक विशेषताहरू,ऐतिहासिक सम्पदाहरू, र विविध भाषाभाषी समुदायहरूको सहअस्तित्वले पर्यटकहरूलाई आकर्षित गर्ने गरेको छ।

World Travel and Tourism council का अनुसार सन २०२४ मा विश्व अर्थतन्त्रमा पर्यटनको प्रत्यक्ष योगदान कुल गार्हस्थ उत्पादनको १० प्रतिशत रहेको छ। विभिन्न अन्तर्राष्ट्रिय पत्रपत्रिकाहरूमा प्रकाशित सूचनाहरूअनुसार नेपाल संसारका प्रमुख पर्यटकीय गन्तव्य देशहरूको सूचीमा पहिलो १० स्थानभित्र पर्दै आएको छ। प्राकृतिक सौन्दर्य, सांस्कृतिक सम्पदा, साहसिक गतिविधिहरू र धार्मिक आस्थाका केन्द्रहरूले नेपाललाई विशिष्ट बनाएका छन्।

२०६२/६३ को जनआन्दोलन पश्चात संघिय लोकतान्त्रिक गणतन्त्र कार्यान्वयनले समग्र मुलुक भरि नै सम्पूर्ण नागरिकहरूलाई आ-आफ्ना आकाङ्क्षा अभिव्यक्त गर्ने थप अवसर प्रदान गऱ्यो। नयाँ संविधान बन्ने प्रक्रियाले आर्थिक, सामाजिक तथा सांस्कृतिक अवसरहरूको वृद्धि गर्ने खालका नीतिहरूको निर्माणमा नागरिकहरूको अर्थपूर्ण सहभागिताको आशा जगाइदियो। आर्थिक समृद्धिका मुख्य क्षेत्रहरू मध्ये पर्यटन पनि एक महत्वपूर्ण क्षेत्र बारे जनमानसमा सचेतनाको अभिवृद्धि भयो। हाल समग्र देशको आर्थिक विकासका लागि तुलनात्मक तथा प्रतिष्पर्धात्मक लाभको क्षेत्रको रुपमा पर्यटन क्षेत्रलाई लिइएको छ। भौगोलिक र जैविक विविधता, सामाजिक र सांस्कृतिक सद्भाव एवं जीवन्तताका साथै राजनैतिक तटस्थता नेपालको पर्यटन क्षेत्रको प्रमुख आधारहरू हुन्। नेपालको संविधान २०७२ को धारा ५१ (ठ) पर्यटन सम्बन्धी नीतिले नेपालको ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पुरातात्विक र प्राकृतिक संम्पदाहरूको पहिचान, संरक्षण, प्रवर्द्धन एवं प्रचार प्रसार मार्फत राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण आधारको रुपमा पर्यावरण अनुकूल पर्यटन उद्योगको विकास गर्ने, पर्यटन संस्कृतिको विकास गर्न आवश्यक वातावरण एवं नीति निर्माण गर्ने तथा पर्यटन उद्योगको लाभ वितरणमा स्थानीयजनतालाई प्राथमिकता दिने भनि संवैधानिक व्यबस्था भएको

हुनाले उक्त नीतिको मर्म अनुसार यस नगरपालिकाका हरेक कार्यक्रममा पर्यटन गतिविधिलाई प्राथमिकता दिइ कार्यहरू अगाडि बढाइएको देखिन्छ।

नेपालका सात प्रदेशमध्ये गण्डकी प्रदेश पर्यटनका दृष्टिकोणले अत्यन्त समृद्ध प्रदेश हो। यस प्रदेशमा गोरखा, लमजुङ, मनाङ, मुस्ताङ, तनहुँ, कास्की, स्याङ्जा, पर्वत, बागलुङ, म्याग्दी र नवलपरासी (बर्दघाट सुस्ता पूर्व) गरी ११ वटा जिल्ला पर्दछन। यस प्रदेशले तराई, पहाड र हिमाल तीन वटै भौगोलिक क्षेत्रहरूलाई समेटेको छ, जसले गर्दा पर्यटकीय दृष्टिकोणले यसको विविधता अझ विशिष्ट देखिन्छ। गण्डकी प्रदेशमा धार्मिक, सांस्कृतिक, प्राकृतिक र साहसिक पर्यटक गतिविधिहरूको अपार सम्भावना रहेको छ। यो प्रदेश मनास्लु संरक्षण क्षेत्र,अन्नपूर्ण संरक्षण क्षेत्र, धौलागिरि तथा अन्नपुर्ण हिमश्रृङ्खला ताल तलैया मुक्तिनाथ तथा कालिगणडकी नदी लगायतका प्राकृतिक तथा धार्मिक सम्पदाले विश्वभर परिचित छ। ऋषिङ्ग गाउँपालिका ऐतिहासिक एवं धार्मिक स्थलहरू, मनोरञ्जनात्मक क्रियाकलापहरू, गण्डकी प्रदेश र नेपालको राजधानी जोड्ने सडक सेवाको पहुँचको विस्तार, गण्डकी प्रदेश भित्रका विभिन्न जिल्लाहरूमा भएका पर्यटकीय गन्तव्यहरूलाई ऋषिङ्ग गाउँपालिकासँग जोड्न सकेमा यस पालिकामा पर्यटनको विकास गर्न सकिन्छ।पर्यटकीय सेवा तथा सुविधाका लागि पूर्वाधारहरूको विकासले बाह्य र आन्तरिक पर्यटक आगमनमा ठूलो भूमिका खेलेका छन्।

## ९.२ ऋषिङ्ग गाउँपालिकामा रहेका पर्यटकीय स्थलहरूको विवरण

तालिका ९.१ पर्यटकीय स्थल

| क्र. सं. | पर्यटकीय स्थलको नाम | वडा नं. | टोल | मूख्य पहिचाहन |
|---|---|---|---|---|
| १ | कालिका मन्दिर | १ | बालाकोट चुली | धार्मिक तथा ऐतिहासिक |
| २ | चुली फूलबारी पार्क | २ | | दृश्यावलोकन, वनभोज |
| ३ | कालिका माई मन्दिर | २ | ग्वास्लुङ्ग | धार्मिक तथा ऐतिहासिक |
| ४ | दुबुङ्ग भ्यू टावर, चिया बगान | ३ | दुबुङ्ग | दृश्यावलोकन, वनभोज |
| ५ | भिरकोट कोट | ४ | भिरकोट | धार्मिक तथा ऐतिहासिक |
| ६ | गुमलेक कालिका मन्दिर | ४ | गुम्लेक | धार्मिक तथा ऐतिहासिक |
| ७ | गडगडेश्वर मन्दिर | ५ | रूपाटार | धार्मिक तथा ऐतिहासिक |
| ८ | गोठादी मन्दिर | ६ | गोठादी | धार्मिक तथा ऐतिहासिक |
| ९ | ज्यामिरे माई मन्दिर | ६ | ज्यामिरे | धार्मिक तथा ऐतिहासिक |
| १० | दुर्गामन्दिर, कोटदरबार | ७ | कोटदरबार | धार्मिक तथा ऐतिहासिक |
| ११ | शहिद पार्क | ७ | कोटदरबार | पर्यटकीय स्थल |
| १२ | ऋषिङ्गगढी भ्यू टावर | ८ | गढीडाँडा | दृश्यावलोकन, ऐतिहासिक |
| १३ | रानीपोखरी | ८ | रानीपोखरी | दृश्यावलोकन, ऐतिहासिक |
| १४ | अजम्बरी माई मन्दिर | ८ | अजम्बरी | धार्मिक तथा ऐतिहासिक |
| १५ | कल्याणीदेबी मन्दिर | ७ | नाल्थोक | धार्मिक तथा ऐतिहासिक |
| १६ | ढुङ्गागाडे पार्क | ६ | ढुङ्गागाडे | पर्यटकीय स्थल |

## ९.३ होमस्टे सम्बन्धी विवरण

ऋषिङ्ग गाउँपालिकामा  पर्यटन पर्बधन गर्ने उद्देश्यले तीन ठाउँमा सामुदायिक होमस्टेको व्यवस्था गरिएको छ। जसमा १४० बेडसंख्या रहेका छन्। होमस्टे सम्बन्धी विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ९.२ होमस्टे सम्बन्धी विवरण

| क. सं. | होमस्टेको नाम | वडा नं. | टोल | बेड संख्या |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

# खण्ड १०
# कानुन न्याय एवं सार्वजनिक सेवा प्रवाह

## १०.१ स्वीकृत कानुनहरूको सूची

तालिका नं. १०.१ ऋषिङ्ग गाउँपालिकाका हाल सम्म स्वीकृत कानुनहरूको सूची

| ऋषिङ्ग गाउँपालिका ऐन, नियमावली, कार्यविधि संग्रह | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.स. | ऐन, नियमावली, कार्यविधिको नाम | प्रकाशित मिति | भाग | खण्ड | संख्या | कैफियत |
| १ | ऋषिङ्ग गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली, २०७४ | २०७५-०४-०६ | २ | १ | १ | |
| २ | ऋषिङ्ग गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ | २०७५-०४-०६ | २ | १ | २ | |
| ३ | गाउँ कार्यपालिका (कार्य विभाजन) नियमावली, २०७४ | २०७५-०४-०६ | २ | १ | ३ | |
| ४ | गाउँ कार्यपालिकाको बैठक संचालनसम्बन्धी कार्यविधि - २०७४ | २०७५-०४-०६ | २ | १ | ४ | |
| ५ | ऋषिङ्ग गाउँपालिकाका पदाधिकारीहरूको आचारसंहिता - २०७४ | २०७५-०४-०६ | २ | १ | ५ | |
| ६ | गाउँसभा सञ्चालन कार्यविधि, २०७५ | २०७५-०४-०६ | २ | १ | ६ | |
| ७ | स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५ | २०७५-०४-०६ | २ | १ | ७ | |
| ८ | ऋषिङ्ग गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ | २०७५-०४-०६ | २ | १ | ८ | |
| ९ | स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ | २०७५-१०-११ | २ | १ | ९ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | ऋषिङ्ग गाउँपालिकाको अपाङ्ग भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०७५ | २०७५-१०-११ | २ | १ | १० | |
| ११ | ऋषिङ्ग गाउँपालिका विपद् व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०७५ | २०७५-१०-११ | २ | १ | ११ | |
| १२ | घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ | २०७५-१०-११ | २ | १ | १२ | |
| १३ | ऋषिङ्ग गाउँपालिका आपतकालिन कार्यसञ्चालन केन्द्र कार्यसञ्चालन कार्यविधि, २०७५ | २०७५-१०-११ | २ | १ | १३ | |
| १४ | ऋषिङ्ग गाउँपालिकाको व्यावसायिक कृषकहरूलाई प्रोत्साहन अनुदान दिने सम्बन्धी कार्यविधि, २०७७ | २०७७-०३-०९ | २ | २ | ३ | |
| १५ | ऋषिङ्ग गाउँपालिकाको स्वास्थ्य बीमा संयोजन समिति गठन/सञ्चालन कार्यविधि - २०७८ | २०७८ | २ | ३ | १ | |
| १६ | ऋषिङ्ग गाउँपालिकाको गाउँपालिकामा विज्ञ सल्लाहकार नियुक्ति सम्बन्धी कार्यविधि - २०७९ | २०७९-०३-१३ | २ | ४ | १ | |
| १७ | ऋषिङ्ग गाउँपालिकाको कृषक/पशुपालन समूह दर्ता तथा नवीकरण कार्यविधि - २०७९ | २०७९-०४-२६ | २ | ४ | ३ | |
| १८ | ऋषिङ्ग गाउँपालिकाको ज्येष्ठ नागरिक परिचय पत्र वितरण कार्यविधि - २०७९ | २०७९-०४-२६ | २ | ४ | ४ | |
| १९ | बाल अधिकार संरक्षण तथा सम्वर्द्धन कार्यविधि, २०७९ | २०७९-०५-३० | २ | ४ | ५ | |
| २० | कोभिड - १९ महामारीबाट प्रभावित अतिविपन्न परिवार नगद हस्तान्तरण कार्यविधि, २०७९ | २०७९-०५-१२ | २ | ४ | ६ | |
| २१ | गर्भवती तथा सुत्केरी स्याहार प्रोत्साहन पोषण भत्ता उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७९ | २०७९-०५-१२ | २ | ४ | ७ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २२ | ऋषिङ्ग गाउँपालिकाको लेखा समिति (गठन तथा सञ्चालन) कार्यविधि, २०७९ | २०७९-०५-२५ | २ | ४ | ८ | |
| २३ | ऋषिङ्ग गाउँपालिका बाँझो जमिन सदुपयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ | २०७९-१२-३० | २ | ४ | १० | |
| २४ | व्याकहो लोडर सञ्चालन तथा व्यवस्थापन गर्न बनेको कार्यविधि, २०८० | २०८०-०२-२५ | २ | ५ | १ | |
| २५ | ऋषिङ्ग गाउँपालिकाको व्यवसाय दर्ता कार्यविधि २०८० | २०८०-०७-२२ | २ | ५ | ३ | |
| २६ | ऋषिङ्ग गाउँपालिकाको जलस्रोत नियमावली, २०८० | २०८०-०७-२२ | २ | ५ | ४ | |
| २७ | ऋषिङ्ग गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८० | २०८०-०९-३० | १ | १ | २ | |
| २८ | न्यायिक समितिले उजुरीको कारवाही गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेका ऐन, २०७५ | २०७५-०४-०६ | १ | १ | ५ | |
| २९ | ऋषिङ्ग गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन - २०७५ | २०७५-०४-०६ | १ | १ | ७ | |
| ३० | ऋषिङ्ग गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७५ | २०७५-१०-१५ | १ | १ | ८ | |
| ३१ | ऋषिङ्ग गाउँपालिकाको सहकारी ऐन, २०७४ | २०७५-१०-१५ | १ | १ | ९ | |
| ३२ | ऋषिङ्ग गाउँपालिकाको शिक्षा नियमावली, २०७५ | २०७५-१०-१५ | १ | १ | १० | |
| ३३ | ऋषिङ्ग गाउँपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७५ | २०७५-१०-१५ | १ | १ | ११ | |
| ३४ | ऋषिङ्ग गाउँपालिकाको संस्था दर्ता ऐन, २०७९ | २०७९-०५-२५ | १ | ५ | ३ | |
| ३५ | ऋषिङ्ग गाउँपालिकाको शिक्षा ऐन, २०८० | २०८०-०४-१२ | १ | ६ | ३ | |
| ३६ | ऋषिङ्ग गाउँपालिकाको जलस्रोत ऐन, २०८० | २०८०-०९-३० | १ | ६ | ५ | |

## १०.२ कानुन तथा न्याय, घटना दर्ता र पालिकाको आय विवरण

### १०.२.१ मुद्धा/विवाद दर्ता तथा फछ्यौट र न्यायिक समिति

नेपालको संविधानको धार २१७ अनुसार आफ्नो कार्यक्षेत्र भित्र नगरपालिका तथा गाउँपालिकाका विवाद निरूपण गर्न गाउँ/ नगरपालिकाका उपाध्यक्षको संयोजकत्वमा गठीत न्यायिक समिति रहने र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ८ मा न्यायिक समितिलाई न्यायिक अधिकारको व्यवस्था छ। सो अधिकार अनुसार यस गाउँपालिकाको स्थापना काल देखि २०८०/८१ र २०८१/८२ मा दर्ता हुन आएका मुद्दाहरू र न्याय सम्पादनको विवरण निम्नानुसार छ।

तालिका नं. १०.२ गाउँपालिका दर्ता भएका मुद्दाहरूको प्रकृति र सम्पादन भएका मुद्दाहरू

| | | आ.व. २०८०/८१ | | | आ.व. २०८१/८२ | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | मुद्दाको प्रकृति | दर्ता | फछ्र्यौट | बाँकी | दर्ता | फछ्र्यौट | बाँकी |
| १ | आर्थिक हिनामिना | ७ | २ | ५ | ३ | ० | ३ |
| २ | गाली बेइज्जती | ३ | २ | १ | ० | ० | ० |
| ३ | मृत्यू दर्ता | ० | ० | ० | २ | २ | ० |
| ४ | जग्गा सम्बन्धी | ० | ० | ० | २ | १ | १ |
| ५ | अन्य | ० | ० | ० | ३ | १ | २ |

स्रोतः ऋषिङ्ग गाउँपालिका, न्यायिक समिति

ऋषिङ्ग गाउँपालिकाको अनुसार न्यायिक समितिमा दर्ता भएका आ.व.२०८०/८१ मुद्दा /विवाद संख्या १० मध्ये मेलमिलाप बाट टुङ्ग्याइएका ३, फछ्र्योट हुन बाँकी ५ र माथिल्लो निकाएमा पठाएका १ भने आ.व. २०८१/८२ मा दर्ता भएका १० वटा मध्ये मेलमिलापद्वारा फछ्यौंयोट गरिएका ३, फछ्र्यौट हुन बाँकी ६ र माथिल्लो निकायमा पठाएका १ रहेका छन्।

## १०.२.२ व्यक्तिगत घटना दर्ता

तालिका १०.३ २०७९ वैशाख देखि चैत्र महिना सम्मको व्यक्तिगत घटना दर्ता विवरण वडा अनुसार

| वडा नं. | जन्म | | | मत्यु | | | सम्बन्ध विच्छेद | विवाह | बसाईं आएको | | बसाईं गएको | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | जम्मा | जम्मा | दर्ता सङ्ख्या | सदस्य सङ्ख्या | दर्ता सङ्ख्या | सदस्य सङ्ख्या |
| १ | ६२ | ५९ | १२१ | १६ | २२ | ३८ | १३ | ५१ | ६ | २२ | २ | ७ |
| २ | ५२ | ७२ | १२४ | २० | १६ | ३६ | ८ | ५४ | ० | ० | १७ | ६८ |
| ३ | ६९ | ७१ | १४० | १४ | २० | ३४ | ८ | ५७ | १ | १ | १९ | ८५ |
| ४ | ४६ | ३२ | ७८ | १५ | १३ | २८ | ३ | ३३ | १ | १ | १३ | ५६ |
| ५ | ६० | ६५ | १२५ | १७ | १३ | ३० | ४ | ५७ | ० | ० | २७ | ९९ |
| ६ | ३८ | ४२ | ८० | १८ | २४ | ४२ | ४ | ५२ | ० | ० | ११ | ४६ |
| ७ | ४८ | ४९ | ९७ | २४ | २३ | ४७ | ४ | ३५ | ० | ० | १३ | ५२ |
| ८ | ४१ | ३५ | ७६ | १२ | १७ | २९ | ९ | ५२ | ० | ० | २४ | ९६ |
| जम्मा | ४१६ | ४२५ | ८४१ | १३६ | १४८ | २८४ | ५३ | ३९१ | ८ | २४ | १२६ | ५०९ |

*स्रोतः ऋषिङ्ग गाउँपालिका प्रशासन शाखा*

तालिका १०.४ २०८० वैशाख देखि चैत्र महिना सम्मको व्यक्तिगत घटना दर्ता विवरण वडा अनुसार

| वडा नं. | जन्म | | | मत्यु | | | सम्बन्ध विच्छेद | विवाह | बसाईं आएको | | बसाईं गएको | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | जम्मा | जम्मा | दर्ता सङ्ख्या | सदस्य सङ्ख्या | दर्ता सङ्ख्या | सदस्य सङ्ख्या |
| १ | ६२ | ४५ | १०७ | १४ | ५ | १९ | ७ | ४२ | ३ | ६ | ६ | २० |
| २ | ५४ | ४६ | १०० | ३५ | १८ | ५३ | ६ | ४२ | ० | ० | १६ | ५३ |
| ३ | ४१ | ४७ | ८८ | २३ | १८ | ४१ | ९ | ४३ | ० | ० | १८ | ६५ |
| ४ | ४८ | ३८ | ८६ | ९ | १२ | २१ | ३ | ४० | ० | ० | २१ | ७९ |
| ५ | ४४ | ५६ | १०० | २३ | २४ | ४७ | ११ | ४९ | २ | ३ | १६ | ६२ |
| ६ | ६० | ४० | १०० | २६ | १२ | ३८ | ५ | ३४ | ० | ० | १२ | ५५ |
| ७ | ३९ | ३७ | ७६ | २५ | १२ | ४७ | ११ | ३१ | ० | ० | १३ | ६० |
| ८ | ३३ | ३३ | ६६ | १३ | १५ | २८ | ९ | ४० | ० | ० | १६ | ७३ |
| जम्मा | ३८१ | ३४२ | ७२३ | १६८ | १२६ | २९४ | ६१ | ३२१ | ५ | ९ | ११८ | ४६७ |

*स्रोतः ऋषिङ्ग गाउँपालिका प्रशासन शाखा*

तालिका १०.५ २०८१ वैशाख देखि चैत्र महिना सम्मको व्यक्तिगत घटना दर्ता विवरण वडा अनुसार

| वडा नं. | जन्म | | | मत्यु | | | सम्बन्ध विच्छेद | विवाह | बसाईं आएको | | बसाईं गएको | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | जम्मा | जम्मा | दर्ता सङ्ख्या | सदस्य सङ्ख्या | दर्ता सङ्ख्या | सदस्य सङ्ख्या |
| १ | ३२ | ३७ | ६९ | १३ | ९ | २२ | ३ | ४६ | ३ | १३ | ७ | ३० |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | ४६ | ५२ | ९८ | २३ | १९ | ४२ | ७ | ३१ | ० | ० | २२ | ९५ |
| ३ | ४४ | ५० | ९४ | २२ | १३ | ३५ | १० | ५२ | १ | १ | ९ | ४६ |
| ४ | ३९ | ४६ | ८५ | १५ | ८ | २३ | ५ | ४० | २ | ४ | १९ | ८१ |
| ५ | ४८ | ५२ | १०० | १५ | १७ | ३२ | ९ | ४७ | ३ | ३ | १२ | ३४ |
| ६ | ५० | ६५ | ११५ | २० | १५ | ३५ | १३ | ४३ | १ | २ | २५ | १०८ |
| ७ | ४९ | ३६ | ८५ | १३ | २२ | ३५ | ९ | ३३ | ० | ० | २२ | १०१ |
| ८ | २८ | ५१ | ७९ | १५ | १६ | ३१ | ८ | ३४ | १ | ४ | १७ | ५९ |
| जम्मा | ३३६ | ३८९ | ७२५ | १३६ | ११९ | २५५ | ६७ | ३२६ | ११ | २७ | १३३ | ५५४ |

*स्रोतः ऋषिङ्ग गाउँपालिका प्रशासन शाखा*

## १०.३ सामाजिक सुरक्षा भत्ता वितरणको विवरण

तालिका नं. १०.६ सामाजिक सुरक्षा भत्ता वितरणको विवरण आ.व. २०७९/८०

| शिर्षक | पहिलो त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौथो त्रैमासिक | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| अन्य जेष्ठ नागरिक | १९४४ | २२२२५०७२ | १९७६ | २३४२८०४५ | २०२५ | २३७५३७७४ | २०५७ | २४४०९५३८ |
| जेष्ठ नागरिक दलित | १८४ | १४६०३४० | १८६ | १४७६३०० | १८९ | १४४६७४३ | १९१ | १४७८९६० |
| जेष्ठ नागरिक एकल महिला | २४३ | १९२३१८० | २४६ | १९३९१४० | २४५ | १९३६४८० | २४५ | १९४४५४३ |
| जेष्ठ नागरिक क्षेत्र तोकिएका | ० | ० | ० | ० | ० | ० | ० | ० |
| विधवा | ३८९ | ३०८५६०० | ३९७ | ३१३७११५ | ४०५ | ३१९५२८१ | ४०२ | ३१६३५९८ |
| पूर्ण अपाङ्गता | ५९ | ६९८२५० | ५९ | ७०६२३० | ६० | ७१८२०० | ६१ | ७३०१७० |
| अति अशक्त अपाङ्गता | १७५ | १०८३१५२ | १७८ | ११२१२३६ | १७८ | ११२९९६८ | १८४ | ११६१८८८ |
| क्षेत्र तोकिएका बालबालिका | ० | ० | ० | ० | ० | ० | ० | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| लोपोन्मुख बालबालिका | ० | ० | ० | ० | ० | ० | ० | ० |
| दलित बालबालिका | २०१ | ३०४५२६ | २१७ | ३२३९३७ | २१४ | ३३४७९८ | २३६ | ३५१६१० |
| लोपोन्मुख जाति | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | ३१९५ | ३०७८०१२० | ३२५९ | ३२१३२००३ | ३३१६ | ३२५१५२४४ | ३३७६ | ३३२४०३०७ |

*स्रोतः ऋषिङ्ग गाउँपालिका प्रशासन शाखा*

तालिका नं. १०.७ सामाजिक सुरक्षा भत्ता वितरणको विवरण आ.व. २०८०/८१

| शिर्षक | पहिलो त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौथो त्रैमासिक | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| अन्य जेष्ठ नागरिक | २०१७ | २४०७४८९८ | २०३१ | २४२२५७३६ | २१०६ | २४५९८५५३ | २१४५ | २५४८७४८६ |
| जेष्ठ नागरिक दलित | २०१ | १५६४१६६ | २०३ | १६०१३२० | २०६ | १६०४७७८ | १६५ | १२९०१०० |
| जेष्ठ नागरिक एकल महिला | २४९ | १९७१०६० | २४८ | १९६८४०० | २४१ | १९१२८९५ | २१९ | १७४२३०० |
| जेष्ठ नागरिक क्षेत्र तोकिएका | ० | ० | ० | ० | ० | ० | ० | ० |
| विधवा | ३९० | ३०७२३०० | ४०३ | ३१७८३३३ | ४१३ | ३२४४९२५ | ४२१ | ३३१९६८० |
| पूर्ण अपाङ्गता | ६० | ७१८२०० | ६२ | ७४२१४० | ६२ | ७३७४८५ | ६० | ७१८२०० |
| अति अशक्त अपाङ्गता | १८६ | ११७६७८४ | १८६ | ११८३१६८ | १८७ | ११८३५२३ | १५० | ९४०९८८ |
| क्षेत्र तोकिएका बालबालिका | ० | ० | ० | ० | ० | ० | ० | ० |
| लोपोन्मुख बालबालिका | ० | ० | ० | ० | ० | ० | ० | ० |
| दलित बालबालिका | १९९ | ३१३०४७ | २११ | ३१४००६ | २०६ | ३१६५१८ | २१३ | ३२५८१४ |
| लोपोन्मुख जाति | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | ३३०२ | ३२८९०४५५ | ३३४४ | ३३२१३१०३ | ३४२१ | ३३५९७९८७ | ३३७३ | ३३८२४५६८ |

*स्रोतः ऋषिङ्ग गाउँपालिका प्रशासन शाखा*

तालिका नं. १०.८ सामाजिक सुरक्षा भत्ता वितरणको विवरण आ.व. २०८१/८२

| शिर्षक | पहिलो त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौथो त्रैमासिक | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| अन्य जेष्ठ नागरिक | २१११ | २५२५९७५० | २१२६ | २५३९०९०७ | २१७९ | २५७३०७३९ | २१९७ | २६१५९२०७ |
| जेष्ठ नागरिक दलित | २०१ | १५८००४० | १९५ | १५४५९०३ | १९९ | १५३६१९६ | २०१ | १५९०६८० |
| जेष्ठ नागरिक एकल महिला | २१० | १६७५८०० | २०३ | १६१९९४० | १८८ | १५००२४० | १७८ | १४२०४४० |
| जेष्ठ नागरिक क्षेत्र तोकिएका | ० | ० | ० | ० | ० | ० | ० | ० |
| विधवा | ४३० | ३३९६८२० | ४३६ | ३४५२६८० | ४४१ | ३५११२०० | ४५३ | ३५८३५३५ |
| पूर्ण अपाङ्गता | ६१ | ७३०१७० | ६३ | ७५०१२० | ६३ | ७५४११० | ६३ | ७४६१३० |
| अति अशक्त अपाङ्गता | १८५ | ११८१०४० | १८४ | ११७४६५६ | १८३ | ११६८२७२ | १८३ | ११५९७६० |
| क्षेत्र तोकिएका बालबालिका | ० | ० | ० | ० | ० | ० | ० | ० |
| लोपोन्मुख बालबालिका | ० | ० | ० | ० | ० | ० | ० | ० |
| दलित बालबालिका | १७८ | २७३७५२ | १९३ | २८३२३६ | १९४ | ३००२६५ | २०५ | ३१६३५७ |
| लोपोन्मुख जाति | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | ३३७६ | ३४०९७३७२ | ३४०० | ३४२१७४४२ | ३४४७ | ३४५०१०२२ | ३४८० | ३४९७६१०९ |

*स्रोतः ऋषिङ्ग गाउँपालिका प्रशासन शाखा*

तालिका १०.९

ऋषिङ्ग गाउँपालिकामा २०८२ फागुन २१ सम्म १८ वर्ष पुगेका मतदाताहरुको विवरण

| वडा नं. | पुरूष | महिला | अन्य | जम्मा |
|---|---|---|---|---|
| १ | १४२१ | १४१३ | ० | २८३४ |
| २ | १०६३ | ११०५ | ० | २१६८ |
| ३ | ११६८ | १०८८ | ० | २२५६ |
| ४ | १०३३ | १०८० | ० | २११३ |
| ५ | १३१७ | १२७७ | ० | २५९४ |
| ६ | १२२० | १३४६ | ० | २५६६ |
| ७ | १०७६ | ११०२ | ० | २१७८ |
| ८ | ९८७ | १०४८ | ० | २०३५ |

# खण्ड एघार
# विविध

## ११.१ आधिकारिक तथ्याङ्कका १० प्रमुख सिद्धान्तहरू

वैज्ञानिक र भरपर्दो तथ्याङ्क उत्पादन गर्न र विश्वव्यापी आधिकारिक तथ्याङ्क प्रणालीको विकासका लागि एक आधारभूत सिद्धान्तको महसुस भएकोले युरोपेली तथ्याङ्क विदहरूले विकास गरेको आधिकारिक तथ्याङ्कका आधारभूत सिद्धान्तहरूलाई सन् १९९४ मा संयुक्त राष्ट्रसंघीय तथ्याङ्क आयोग (United Nations Statistical Commission) ले अनुमोदन गर्यो। सो आयोगले सन् २०१३ मा संशोधन सहित सिद्धान्तहरूको प्रस्तावना स्वीकृत गरी सोही वैठकको सिफारिसमा आर्थिक तथा सामाजिक परिषदद्वारा तथ्याङ्कका आधारभूत सिद्धान्त सम्बन्धी मस्यौदा पेश भई संयुक्त राष्ट्रसंघको महासभाले २९ जनवरी २०१४ मा अनुमोदन भयो। देशमा वैज्ञानिक र भरपर्दो तथ्याङ्क उत्पादन गर्न यी सिद्धान्त सान्दर्भिक छन्। यी सिद्धान्तहरूले राष्ट्रिय तथ्याङ्क प्रणालीका विविध पक्षहरूलाई समेटेका छन्। देशको तथ्याङ्क प्रणाली आधिकारिक तथ्याङ्कका आधारभूत सिद्धान्तद्वारा निर्देशित हुन्छ जुन विश्वव्यापी तथ्याङ्क प्रणालीको आधार स्तम्भ हो। यहाँ आधिकारिक तथ्याङ्कका १० आधारभुत सिद्धान्तहरू संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ।

१. प्रासङ्गिकता, निष्पक्षता र सुलभता – लोकतान्त्रिक समाजका सूचना प्रणालीमा आधिकारिक तथ्याङ्क एक अपरिहार्य तत्व मानिन्छ। यसले सरकार, अर्थतन्त्र र आम जनतालाई आर्थिक, जनसाङ्ख्यिक, सामाजिक तथा वातावरणीय परिस्थिति सम्बन्धी सूचना उपलब्ध गराउँछ। लोकतान्त्रिक समाजमा सरकारी तथ्याङ्क-निकायहरूले (Official Statistical Agencies) नागरिकका सार्वजनिक सूचना पाउने हकको सम्मान गर्नुपर्दछ। यसका लागि यी निकायहरूले व्यावसायिक उपयोगिता भएका आधिकारिक तथ्याङ्क निकालेर निष्पक्षताका साथ उपलब्ध गराउनु पर्दछ।

२. व्यावसायिक मापदण्ड र आचार – तथ्याङ्क सङ्कलन, प्रशोधन, भण्डारण तथा प्रस्तुतिका विधि एवं प्रक्रिया निर्धारण गर्दा तथ्याङ्क निकायहरूले वैज्ञानिक सिद्धान्त र व्यावसायिक आचारसंहिता नितान्त व्यावसायिक सोच विचारका साथ निर्णय लिनु पर्दछ। आधिकारिक वा सरकारी तथ्याङ्कमा विश्वास जगाई तथ्याङ्कमा आस्था कायम राख्न यस्ता प्रक्रिया महत्वपूर्ण हुन्छ।

३. उत्तरदायित्व र पारदर्शिता – तथ्याङ्कको सही अर्थ लगाउने काम सहज तुल्याउन तथ्याङ्क–निकायहरूले तथ्याङ्कका स्रोत, विधि र प्रक्रियाका विवरण वैज्ञानिक मापदण्ड अनुसार प्रस्तुत गर्नुपर्दछ।

४. दुरूपयोग निवारण – तथ्याङ्कका त्रुटिपूर्ण व्याख्या भएमा वा दुरूपयोग भएमा तथ्याङ्क निकायहरूले यस्ता कुराको टिप्पणी वा खण्डन गर्न सक्नु पर्छ।

५. आधिकारिक वा सरकारी तथ्याङ्कका स्रोतहरू – तथ्याङ्कीय सर्वेक्षण अथवा प्रशासनिक अभिलेख लगायत सबै प्रकारका स्रोतहरूबाट तथ्याङ्कीय प्रयोजनका लागि आँकडा वा विवरण लिन सकिन्छ। तथ्याङ्क निकायले स्रोत चयन गर्दा गुणस्तर, सामयिकता, लागत एवम् उत्तरदाताको बोझलाई विचार गरेर उपयुक्त स्रोत चयन गर्नुपर्दछ।

६. गोपनीयता – तथ्याङ्क निकायहरूले तथ्याङ्क निकाल्नको लागि सङकलन गरेका व्यक्तिगत विवरण वा आँकडाहरू प्राकृतिक वा कानुनी व्यक्ति जो जसको भएता पनि एकदम गोप्य राख्नु पर्दछ। सङकलन गरिएका यस्ता व्यक्तिगत विवरणहरू सामुहिक रुपमा तथ्याङ्कीय प्रयोजनका लागि मात्र प्रयोग गर्नुपर्दछ।

७. कानुन–कानुन, ऐन, नियम र आदर्श अन्तर्गत तथ्याङ्क प्रणाली सञ्चालन भएका छन ती सबै कानुनी प्रावधानहरू सार्वजनिक हुनुपर्दछ।

८. राष्ट्रिय समन्वय – तथ्याङ्क प्रणालीमा सामञ्जस्यता र दक्षता प्राप्त गर्न देशभित्रका सबै तथ्याङ्क निकायहरूबीच समन्वय अत्यावश्यक हुन्छ।

९. अन्तर्राष्ट्रिय मादपण्डको उपयोग – प्रत्येक देशका तथ्याङ्कीय निकायहरूले अन्तर्राष्ट्रिय अवधारणा, वर्गीकरण तथा विधिहरूको प्रयोग गर्दा सबै सरकारी तहमा सामञ्जस्यता र दक्षताको वृद्धि हुन्छ।

१०. अन्तर्राष्ट्रिय सहयोग – तथ्याङ्कमा द्विपंक्षीय एवम् बहुपंक्षीय सहयोगले सवै देशमा आधिकारिक तथ्याङ्क प्रणालीमा सूधार गर्न सघाउ पुर्याउँछ।

## ११.२ तथ्याङ्क समन्वय कार्यालय कास्कीको सामान्य परिचय, काम, कर्तव्य र प्रवाहित हुने सेवाहरू

### कार्यालयको गठन र अवस्थिति

विगतमा तथ्याङ्क ऐन, २०१५ मा व्यवस्था भए बमोजिम केन्द्रीय तथ्याङ्क विभाग राष्ट्रिय योजना आयोगको सचिवालय अन्तर्गत रहने गरी वि.सं. २०१५ साल मार्ग १५ गते स्थापना भएको हो। साविकको केन्द्रीय तथ्याङ्क विभाग तथ्याङ्क ऐन २०७९ बमोजिम वि.सं. २०७९ साल आश्विन २८ गते देखि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहत रहने गरी राष्ट्रिय तथ्याङ्क कार्यालयमा परिणत भएको छ। ऐन अनुसार राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रमुखको रुपमा संघीय निजामती सेवाको विशिष्ट श्रेणीको प्रमुख तथ्याङ्क अधिकारी रहने व्यवस्था छ। साविकको केन्द्रीय तथ्याङ्क विभाग र हालको राष्ट्रिय तथ्याङ्क

कार्यालयको कार्य सम्पादनमा सहयोग पु-याउने उद्देश्यले विगतमा क्षेत्रीय तथ्याङ्क कार्यालय रहेकोमा वि.सं. २०५० साल श्रावण १ गते देखि कास्की र तनहुँ जिल्ला कार्य क्षेत्र हुने गरी शाखा तथ्याङ्क कार्यालय, कास्कीको स्थापना भएकोमा मिति २०७० साल चैत्र १ गते देखि कार्यालयको नाम परिवर्तन भई तथ्याङ्क कार्यालय, कास्की भएको हो। नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८०/०९/१२ को निर्णय अनुसार राष्ट्रिय तथ्याङ्क कार्यालय मातहतका ३३ वटै तथ्याङ्क कार्यालयहरू खारेज भै १८ जिल्लामा कार्यालय रहने गरी ७७ वटै जिल्लाका स्थानीय तहहरूसँग समन्वय गर्ने गरी १८ वटा तथ्याङ्क समन्वय कार्यालय स्थापना भएका हुन। हाल कास्की, तनहुँ र नवलपरासी बर्दघाट सुस्ता पूर्व गरी तीन जिल्ला कार्यक्षेत्र रहने गरी मिति २०८२ श्रावण १ गते तथ्याङ्क समन्वय कार्यालय, कास्की स्थापना भई गण्डकी प्रदेशको राजधानी पोखरा महानगरपालिका वडा नं. ७, रत्नचोक स्थित आफ्नै कार्यालय भवनमा रहेको छ।

## काम, कर्तव्य र अधिकार

राष्ट्रिय तथ्याङ्क कार्यालयले तथ्याङ्क समन्वय कार्यालय, कास्की लगायत मातहतका १८ जिल्लामा रहेका तथ्याङ्क समन्वय कार्यालयहरूको लागि निर्धारित गरीएका कार्यहरू देहाय बमोजिम रहेका छन्।

क) राष्ट्रिय तथ्याङ्क कार्यालयबाट आफ्नो क्षेत्रमा सञ्चालन गरिने गणना एवं सर्वेक्षणमा संलग्न हुने,

ख) राष्ट्रिय तथ्याङ्क कार्यालयबाट जिल्लास्तरमा सञ्चालन हुने तालिम कार्यमा सघाउ पुऱ्याउने र स्थानीय स्तरमा कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने तालिम सञ्चालन गर्ने,

ग) आवश्यकता अनुसार प्राथमिक तथा द्धितिय तथ्याङ्क संकलन तथा प्रशोधन गर्ने,

घ) प्रदेश र कार्यक्षेत्र अन्तर्गतका प्रदेश, जिल्ला एवम् स्थानीय तहहरूको वस्तुगत विवरण तयार पार्ने,

ङ) योजना, नीति निर्माण, अध्ययन अनुसन्धान एवं अनुगमन मुल्यांकनको लागि आवश्यक तथ्याङ्क उपलब्ध गराउने,

च) तथ्याङ्क विकासका लागि पैरवी र सुझाव उपलब्ध गराउने,

छ) वडा र गणना क्षेत्रको सिमाना, धरातल र घर परिवारको निर्दिष्ट स्थान छुट्टयाउने गरी नक्सांकन गर्ने,

ज) प्रदेश, जिल्ला तथा स्थानीय तहहरूसँग तथ्याङ्कीय क्रियाकलापहरूको समन्वय गर्ने,

झ) तथ्याङ्कीय अभिलेखहरूको संरक्षण,

ञ) तथ्याङ्कको गुणस्तरमा निरन्तरता र एकरूपता कायम गरी विभिन्न निकायसँग समन्वय गर्ने,

**तालिका ११.१ः तथ्याङ्क समन्वय कार्यालय कास्की दरबन्दी विवरण**

| सि. नं. | पद | श्रेणी | सेवा | समुह | पद सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | तथ्याङ्क समन्वय अधिकारी | रा.प.द्धितीय | ने.आ.यो. तथा तथ्याङ्क | तथ्याङ्क | १ |
| २ | तथ्याङ्क अधिकृत | रा.प.तृतीय | ने.आ.यो. तथा तथ्याङ्क | तथ्याङ्क | २ |
| ३ | सुपरिवेक्षक | रा.प.अनं.प्रथम | ने.आ.यो. तथा तथ्याङ्क | तथ्याङ्क | ४ |
| ४ | गणक | रा.प.अनं.द्धितीय | ने.आ.यो. तथा तथ्याङ्क | तथ्याङ्क | ५ |
| ५ | खरिदार | रा.प.अनं.द्धितीय | नेपाल प्रशासन | सामान्य प्रशासन | २ |
| ६ | सहलेखापाल | रा.प.अनं.द्धितीय | नेपाल प्रशासन | लेखा | १ |
| ७ | कार्यालय सहयोगी | श्रेणी विहीन | नेपाल प्रशासन | सामान्य प्रशासन | २ |
| **जम्मा** | | | | | **१७** |

# अनुसूची

## अनुसूची १ः प्रमुख शब्दावलीहरूको अवधारणा र परिभाषा

१. अक्सर बसोबासः व्यक्ति धेरैजसो बस्ने स्थानलाई अक्सर बसोबासको स्थान भनिन्छ।

२. घरः घर भन्नाले सामान्यतया चारैतिर गारो वा टाटी लगाई छानो हालेर मानिसको बसोबास वा अन्य प्रयोगका लागि बनाईएको एक वा एक भन्दा बढी कोठा वा तला भएको संरचनालाई बुझाउँछ।

३. परिवार/घरपरिवारः परिवार भन्नाले सामान्यतया व्यक्ति वा व्यक्तिहरूको समूह हो जो एउटै आम्दानी खर्चले घर व्यवहार चलाई एकै भान्सामा खानपीन गरी बसेका हुन्छन्। एउटा घरपरिवारमा १ जना मात्र वा सो भन्दा बढी सदस्यहरू बसोबास गर्न सक्दछन्। साथै एउटा घरपरिवारमा नाता पर्ने वा नपर्ने सदस्यहरू पनि बसोबास गर्न सक्दछन्।

४. परिवारमुलीः परिवारमा परि आएका दैनिक कामकाज, खर्च र व्यवहार चलाउन व्यवस्था मिलाउने अर्थात घरको कामकाजमा चाँजोपाँजो मिलाउने १० वर्ष पुगेका मुख्य व्यक्ति।

५. जनसंख्याः राष्ट्रिय जनगणना २०७८ को परिभाषा अनुसार अक्सर बसोबास (स्थायी र अस्थायी बसोबास) गरेको घरपरिवारको सदस्य (व्यक्ति) लाई कास्की जिल्लाको जनसङ्ख्यामा गणना गरिएको छ। गणनाको समयमा परिवारका सदस्य लामो समयका लागि स्वदेश वा विदेशमा बसोबासको लागि गएको भए जनसङ्ख्यामा अनुपस्थितिको रुपमा गणनाको गरिएको छ।

६. अनुपस्थित व्यक्तिः विगतमा परिवारको सदस्य भएको, जनगणनाको समयमा गणना गरेको परिवारमा अक्सर नबस्ने तर पछि फर्की आउँदा सोही परिवारको सदस्य हुने व्यक्तिलाई मानिएको छ।

७. विदेशमा अनुपस्थित (विदेशमा रहेका) जनसंख्याः गणना गरीएका परिवारका सदस्य मध्ये कुनै सदस्य ६ महिना वा सो भन्दा बढी समयसम्म विदेशमा रहेको वा लामो समय सम्म विदेशमा बसोबास गर्न गएको र पछि परिवारमा फर्की आउने व्यक्तिलाई अनुपस्थित (विदेशमा) रहेका जनसङ्ख्या भनि आँकडा प्रस्तुत गरिएको छ। यदि कुनै व्यक्ति विदेशमा रहेको भएता पनि छोटो समयको लागि विदा बस्न वा अन्य कारणले घरमा आएको रहेछ भने पनि विदेशमा रहेको भनि गणना गरिएको छ। तर विगतमा विदेशमा रहेका तर हाल उनीहरू विदेशमा फर्कने अवस्थामा

तत्काल नरहेका सदस्यहरूलाई विदेशमा रहेको व्यक्ति भनि जनगणना गरिएको छैन्। छोटो समयको लागि तिर्थाटन गर्न, भ्रमण गर्न, उपचार गर्न गएको व्यक्तिलाई विदेशमा रहेको भनि गणना गरिएको छैन्। विदेशमा अनुपस्थित जनसङ्ख्यालाई नेपालको र कास्की जिल्लामा समावेश भएको छैन्।

८. अनुपस्थित (स्वदेश भित्र रहेका) जनसंख्याः- परिवारबाट छुट्टी भिन्न नभएका र परिवारमा पुनः फर्कि आउने सम्भावना भएका कुनै सदस्य स्वदेशभित्रै अन्यत्र अक्सर बसोवास गरेका भए स्वदेशमा अनुपस्थित भनी जनगणना गरिएको छ।

९. अपाङ्गताः शरीरको कुनै एक वा एक भन्दा बढी अंग जन्मदै वा जन्मपछि असामान्य प्रकृतिको हुन पुगी सो अंगले गर्नु पर्ने कार्य पूर्ण रुपमा गर्न नसकेर असजिलो पर्ने शारीरिक अवस्थालाई अपाङ्गता भनिन्छ। अपाङ्गता प्रत्यक्ष देखिने शारीरिक वा इन्द्रिय सम्बन्धी बिचलन मात्र नभई प्रत्यक्ष नदेखिने पनि हुन्छन्। जस्तैः बौद्धिक अपाङ्गता, सुस्तश्रवण, न्युन दृष्टियुक्त, अटिजम्, मनोसामाजिक आदि।

१०. संस्थागत जनसंख्याः- नेपाली सेना, जनपद प्रहरी र सशस्त्र प्रहरीमा बसेका, कारागारमा बसेका, लामो समय (६ महिना भन्दा बढी) छात्राबास, बृद्दाश्रम आदि साझा भान्सामा खाना खाई सामुहिक रुपमा बसेका व्यक्तिहरूलाई संस्थागत जनसङ्ख्यामा गणना गरिएको छ।

११. मतदाताः- नेपालको सन्दर्भमा नेपालको संविधान २०७२ को परिभाषा अनुसार १८ वर्ष वा सो भन्दा बढी उमेरको नेपाली नागरिक जसको नाममा निर्वाचन आयोगबाट परिचय पत्र जारी भएको छ वा निर्वाचन आयोगद्वारा नामावली प्रकाशन गरिएको छ त्यो व्यक्तिलाई मतदाता भनिन्छ।

१२. जातः- यहाँ समाजले निर्धारण गरे बमोजिमको जातजातिहरूको आँकडा प्रस्तुत गरिएको छ।

१३. धर्मः यहाँ व्यक्तिको आ-आफ्नो संस्कार र आस्था अनुसारको धर्मको विवरण उल्लेख गरिएको छ। जस्तैः हिन्दू धर्म, बौद्ध धर्म, इस्लाम धर्म आदि। यी विवरण सम्बन्धित व्यक्ति वा परिवारको मुख्य व्यक्तिलाई सोधेर मात्र लिइएको छ।

१४. वार्षिक जनसङ्ख्या वृद्धिदरः दुई जनगणना वर्षको जनसङ्ख्यालाई आधार लिई Population Models अन्तर्गतको सूत्रहरू प्रयोग गरी वार्षिक रुपमा जनसङ्ख्यामा थप घटको प्रतिशतमा निकालिने वृद्धिदरलाई वार्षिक जनसङ्ख्या वृद्धिदर भनिन्छ।

१५. जनघनत्वः कुनै निश्चित ठाँउ विशेषको कूल जनसङ्ख्यालाई त्यस स्थानको कूल क्षेत्रफलले भाग गरी आउने मानलाई त्यस ठाउंको जनघनत्व भनिन्छ। प्रायः जनघनत्व जना/वर्ग कि.मि.मा व्यक्त गरीन्छ।

१६. लैङ्गिक अनुपातः कुनै निश्चित ठाँउ विशेषको पुरुष जनसङ्ख्यालाई महिला जनसङ्ख्याले भाग गरी १०० ले गुणन गरी आउने मान लैङ्गिक अनुपात हो। यो अनुपातले १०० जना महिला जनसङ्ख्यामा पुरुष जनसङ्ख्या भन्ने जनाउँदछ।

१७. बाल निर्भरता दरः कुनै ठाउँको ०-१४ वर्ष सम्मको जनसङ्ख्यालाई १५ देखि ५९ वर्ष सम्मको जनसङ्ख्याले भाग गरी आउने प्रतिशतको मानलाई बाल निर्भरता दर भनिन्छ।

१८. प्रौढ निर्भरता दरः कुनै ठाउँको ६० वर्ष वा सो भन्दा माथिको सबै जनसङ्ख्या जोडेर आएको जनसङ्ख्यालाई १५ देखि ५९ वर्ष सम्मको जनसङ्ख्याले भाग गरी आउने प्रतिशतको मानलाई प्रौढ निर्भरता दर भनिन्छ।

१९. कूल निर्भरता दरः कुनै ठाउँको ०-१४ वर्ष सम्मको र ६० वर्ष वा सो भन्दा माथिको सबै जनसङ्ख्या जोडेर आएको जनसङ्ख्यालाई १५ देखि ५९ वर्ष सम्मको जनसङ्ख्याले भाग गरी आउने प्रतिशतको मानलाई कूल निर्भरता दर भनिन्छ।

२०. जनसङ्ख्या पिरामिडः यो कुनै निश्चित ठाउंको उमेर समूह अनुसारको जनसङ्ख्यालाई ग्राफमा देखाउने तरिका हो जसमा जनसङ्ख्याको सबै भन्दा सानो उमेर समुहलाई तल र सबै भन्दा प्रौढ उमेर समुहलाई माथि पारी उमेर र लिङ्ग अनुसार पिरामिडको स्वरुप तयार गरीन्छ।

२१. प्रजनन् गर्न योग्य उमेरः कुनै ठाउंको विवाह भएका र नभएका दुबै १५ वर्ष देखि ४९ वर्ष सम्मका महिलाहरूलाई प्रजनन् गर्न योग्य उमेरका जनसङ्ख्या भनिन्छ।

२२. मातृ-शिशु अनुपातः कुनै ठाउँको ०-४ वर्ष सम्मको बाल जनसङ्ख्यालाई १५ देखि ४९ वर्ष सम्मको महिलाको जनसङ्ख्याले भाग गरी १००० ले गुणन गरी आउने मान मातृ-शिशु अनुपात हो। यो अनुपातले १००० जना प्रजनन गर्न योग्य उमेर महिला जनसङ्ख्यामा बाल जनसङ्ख्या भन्ने जनाउँछ।

२३. घरको स्वामित्वः यस अध्ययनमा गणना गर्ने परिवारको घर कस्को स्वामित्वमा रहेको छ त्यहि अनुसार आँकडा प्रस्तुत गरिएको छ। आफ्नो परिवारको कुनै सदस्यको नाममा घर भए वा हुने भए निजी, अरुको घरमा भाडा तिर्ने शर्तमा बसेको भए भाडामा, कुनै कार्यालय, संघसंस्थाले उपलब्ध

गराएको निवास वा भाडा नतिरी बसेको घरलाई संस्थागत र अन्य घर जस्तैः अरुको जग्गामा बनाएको, अरुको घरमा भाडा नतिरी बसेको भए अन्य सेवामित्वको घरमा गणना गरिएको छ।

२४. खानेपानीको मुख्य श्रोतः गणना गरिएको परिवारले पानी खानको लागि वर्ष भरी कुन मुख्य श्रोतबाट पानी ल्याउँदछन् त्यो श्रोत उल्लेख गरिएको छ। जस्तैः पाइप/धारा, कुवा/इनार, ढुङ्गे धारा/मुलको पानी र नदी/खोलाबाट आदि।

२५. चर्पीको प्रकारः यस वस्तुगत विवरणमा गणना गरिएको परिवारले प्रयोग गरेको शौचालय कस्तो खालको रहेको छ जस्तैः पानी राखेर बगाउन मिल्ने (फ्लस भएको), साधारण खालको र चर्पी नभएको आदि उल्लेख गरिएको छ।

२६. बत्ती बाल्ने इन्धनः यसमा गणना गरिएको परिवारमा अँध्यारोमा उज्यालो बनाउन प्रयोग गरीने साधन वा इन्धन कस्तो प्रकारको रहेको छ जस्तैः बिजुली, मट्टीतेल, सोलार, अन्य आदिको आँकडा प्रस्तुत गरिएको छ।

२७. खाना पकाउने मूख्य इन्धनः यसमा गणना गर्ने परिवारले प्रयोग गर्ने खाना पकाउने मूख्य इन्धन १२ महिनामा प्रयोग गरेको आधारमा उल्लेख गरिएको छ। जस्तैः काठ/दाउरा, मट्टितेल, सिलिण्डर ग्याँस, गोबरग्याँस, अन्य आदि।

२८. पढ्न लेख्न जान्नेः गणना गर्ने परिवारका ५ वर्ष वा सो भन्दा बढी उमेरका सदस्यहरू जुन सुकै भाषामा पढ्न र लेख्न जान्नेलाई पढ्न लेख्न जान्नेमा उल्लेख गरिएको छ। यसमा परिवारका कुनै सदस्यले सांकेतिक भाषामा वा आँखा नदेख्ने, बहिराहरूले प्रयोग गर्ने प्रविधि अनुसार पढ्न र लेख्न जान्ने भए पनि पढ्न लेख्न जान्ने भनि समाबेश गरिएको छ।

२९. साक्षरता दरः नेपालको सन्दर्भमा राष्ट्रिय जनगणना २०७८ अनुसार कुनै ठाउँको ५ वर्ष वा सो भन्दा माथिको उमेर समुहको साक्षर जनसङ्ख्या (पढ्न, लेख्न र साधारण हरहिसाब गर्न जान्ने) लाई सोहि उमेर समुहको जम्मा जनसङ्ख्याले भाग गरी १०० ले गुणन गरी आउने प्रतिशत साक्षरता दर हो। साक्षरता दर पुरुषको, महिलाको र दुवै जनसङ्ख्याको छुट्टा छुट्टै निकाल्न सकिन्छ।

३०. प्रौढ साक्षरता दरः कुनै ठाउँ विशेषको १५ वर्ष वा सो भन्दा बढी उमेरमा लेखपढ गर्न जानेका प्रौढहरूको जनसङ्ख्या र सोही उमेर समूहका कूल प्रौढहरूको जनसङ्ख्याको प्रतिशतमा ब्यक्त अनुपातलाई प्रौढ साक्षरता दर भनिन्छ।

३१. परिवार नियोजन प्रयोगकर्तादरः परिवार नियोजनका स्थायी वा अस्थायी साधन प्रयोग गर्ने विवाहित जनसङ्ख्यालाई जम्मा विवाहित जनसङ्ख्याले भाग गरी १०० ले गुणन गर्दा आउने प्रतिशत नै परिवार नियोजन प्रयोगकर्ता दर हो।

३२. आर्थिक क्रियाकलाप दरः १० वर्ष वा सो भन्दा माथिको उमेर समुहको आर्थिक रुपमा सक्रिय जनसङ्ख्यालाई सोहि उमेर समुहको जम्मा जनसङ्ख्याले भाग गरी १०० ले गुणन गर्दा आउने प्रतिशत नै आर्थिक क्रियाकलाप दर हो। आर्थिक रुपमा सक्रिय जनसङ्ख्यामा रोजगार र बेरोजगार दुबै जनसङ्ख्यालाई समावेस गरीन्छ।

३३. कूल रोजगार दरः १० वर्ष वा सो भन्दा माथिको उमेर समुहको जम्मा रोजगार जनसङ्ख्यालाई सोहि उमेर समुहको जम्मा आर्थिक रुपमा सक्रिय जनसङ्ख्याले भाग गरी १०० ले गुणन गर्दा आउने प्रतिशत नै कूल रोजगारी दर हो।

३४. कूल बेरोजगार दरः १० वर्ष वा सो भन्दा माथिको उमेर समुहको जम्मा बेरोजगार जनसङ्ख्यालाई सोहि उमेर समुहको जम्मा आर्थिक रुपमा सक्रिय जनसङ्ख्याले भाग गरी १०० ले गुणन गर्दा आउने प्रतिशत नै कूल बेरोजगारी दर हो।

३५. कृषि चलन/कृषक परिवारः राष्ट्रिय कृषि गणना २०७८ अनुसार पहाड तथा हिमालमा ४ आना र तराईमा ८ धुर वा सो भन्दा बढी कृषि कार्यको लागि जग्गा उपयोग गर्ने वा कम्तीमा १ ठूला चौपाया वा कम्तीमा ५ वटा साना चौपाया वा कम्तीमा २० वटा कुखुरा हाँस जस्ता पंक्षीपालन गर्ने कृषक परिवारलाई कृषि चलन मानिएको छ।

३६. प्रतिष्ठानः प्रतिष्ठान भन्नाले कानूनी आधारमा एउटै सेवामित्व वा नियन्त्रणमा कुनै निश्चित स्थानमा रही एउटै वा मुख्य रूपले कुनै एउटा आर्थिक क्रियाकलाप गर्ने वा आर्थिक क्रियाकलापमा संलग्न एउटा आर्थिक एकाइलाई बुझाउँदछ। जस्तैः खनीज उत्खनन् गर्ने व्यावसाय, कारखाना, वर्कशप, पसल आदि।

३७. आर्थिक गणनाः देशमा अस्तित्वमा वा क्रियाशिल रहेका सबै व्यावसायिक आर्थिक एकाइहरू (वस्तु उत्पादन तथा सेवा प्रदान गर्ने प्रतिष्ठान/व्यावसायहरू) मा पुगी गणनाको निर्धारित प्रकृया अनुसार निर्धारित समय भित्र ती आर्थिक एकाइहरूको विवरण संकलन, प्रशोधन, विश्लेषण, प्रकाशन एवं वितरण गर्ने समष्टिगत प्रक्रियालाई "आर्थिक गणना" भनिन्छ

३८. निर्गत मुल्यः औद्योगिक प्रतिष्ठानले प्रयोग गरेको कच्चा पदार्थको लागत, विद्युत तथा इन्धनको खर्च, औद्योगिक सेवा वापतको खर्च र गत आर्थिक वर्षको मौज्दातको परिवर्तन समेत समावेश गरिएको कूल लागन नै निर्गत मुल्य हो।

३९. आगत मुल्यः यसमा औद्योगिक प्रतिष्ठानको विक्री, औद्योगिक सेवाबाट प्राप्त रकम, आफ्नै लागि गरेको उत्पादन, तयारी र अर्ध तयारी वस्तुको मौज्दातमा भएको मुल्य परिवर्तन समावेश गरीन्छ।

४०. मुल्य अभिवृद्धिः औद्योगिक प्रतिष्ठानको निर्गत मुल्य र आगत मुल्य बीचको अन्तरलाई मुल्य अभिवृद्धि भनिन्छ।

४१. सुचकांकः कुनै परिमाण तथा मुल्यलाई निश्चित समय वा स्थान सन्दर्भको आधारमा हुने परिवर्तनको अङ्क तयार गर्ने कार्यलाई सुचकांक भनिन्छ।

४२. गरीबीको रेखाः प्रस्तुत वस्तुगत विवरणमा नेपालको सन्दर्भमा गरीबी रेखांकन गर्ने विभिन्न विधि मध्ये अन्तर्राष्ट्रियस्तरमा उपयोगमा ल्याइएको अध्यावधिक विधि (updated methodology) प्रचलनमा रहेको असल अभ्यास अबलम्बन गरिएको छ। घरपरिवारको कल्याणकारी मापनको निर्माणमा खाद्य उपभोग खर्चको मापन गर्दा खाद्य गरीबीको रेखा निर्धारण गर्दा आ.व. २०७९/८० मा प्रतिव्यक्ति प्रति दिन औंषतमा २२३६ किलोक्यालोरी आवश्यक पर्ने भएकोले जसका लागि वार्षिक रु.३५,०२९।०० खर्च लाग्ने र गैर खाद्य वस्तुहरूमा भएको खर्चको मापन गर्दा प्रतिव्यक्ति प्रतिवर्ष रु. ३७,८७९।०० खर्च हुने हुँदा दुबैको प्रतिव्यक्ति न्यूनतम वार्षिक औंषत खर्च रु.७२,९०८।०० लाई गरीबीको रेखा मानिएको छ।

४३. गरीब व्यक्तिः घरपरिवारको प्रति सदस्यलाई वार्षिक रुपमा खाद्यान्न र गैर खाद्यान्न उपभोग खर्चको औंषत आय भन्दा कम आम्दानी भएको व्यक्तिलाई गरीब रहेको मानिन्छ। नेपालको सन्दर्भमा नेपाल जीवनस्तर सर्वेक्षण चौथौ (२०७९/८०) अनुसार प्रतिव्यक्ति न्यूनतम वार्षिक औंषत उपभोग खर्च रु.७२,९०८।०० भन्दा कम आम्दानी भएको व्यक्तिलाई गरीब व्यक्ति मानिएको छ।

**अनुसूची २ः तथ्याङ्क समन्वय कार्यालयहरू रहने स्थान, कार्यक्षेत्र र समन्वय गर्नुपर्ने स्थानीय तहको सङ्ख्या**

| सि. नं. | प्रदेश | कार्यालय रहने स्थान | कार्यक्षेत्र | समन्वय गर्नुपर्ने स्थानीय तहको सङ्ख्या |
|---|---|---|---|---|
| १ | कोशी | विराटनगर, मोरङ | मोरङ, सुनसरी, उदयपुर, धनकुटा, तेह्रथुम, संखुवासभा | ६० |
| २ | कोशी | इलाम, इलाम | इलाम, पाँचथर, ताप्लेजुङ, झापा | ४२ |
| ३ | कोशी | दिक्तेल, खोटाङ | खोटाङ, ओखलढुंगा, सोलुखुम्बु, भोजपुर | ३५ |
| ४ | मधेश | जनकपुर, धनुषा | धनुषा, सप्तरी, सिराहा, महोत्तरी | ६८ |
| ५ | मधेश | विरगञ्ज, पर्सा | पर्सा, बारा, रौतहट, सर्लाही | ६८ |
| ६ | वाग्मती | हेटौडा, मकवानपुर | मकवानपुर, चितवन, सिन्धुली | २६ |
| ७ | वाग्मती | धुलिखेल, काभ्रेपलाञ्चोक | काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, रामेछाप, दोलखा | ४२ |
| ८ | वाग्मती | काठमाडौं, काठमाडौं | काठमाडौं, ललितपुर, भक्तपुर, धादिङ, नुवाकोट, रसुवा | ५१ |
| ९ | गण्डकी | पोखरा, कास्की | कास्की, तनहुँ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | २३ |
| १० | गण्डकी | गोरखा, गोरखा | गोरखा, लमजुङ, मनाङ | २३ |
| ११ | गण्डकी | बाग्लुङ, बाग्लुङ | बाग्लुङ, स्याङजा, पर्वत, म्याग्दी, मुस्ताङ | ३९ |
| १२ | लुम्बिनी | भैरहवा, रूपन्देही | रूपन्देही, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), कपिलवस्तु | ३३ |
| १३ | लुम्बिनी | तानसेन, पाल्पा | पाल्पा, गुल्मी, अर्घाखाँची | २८ |
| १४ | लुम्बिनी | घोराही, दाङ | दाङ, बाँके, बर्दिया, रोल्पा, प्यूठान, रूकुम (पूर्वी भाग) | ४८ |
| १५ | कर्णाली | विरेन्द्रनगर, सुर्खेत | सुर्खेत, सल्यान, जाजरकोट, रूकुम (पश्चिम भाग) | ४३ |
| १६ | कर्णाली | खलङ्गा, जुम्ला | जुम्ला, मुगु, कालिकोट, हुम्ला, डोल्पा | ३६ |
| १७ | सुदुरपश्चिम | धनगढी, कैलाली | कैलाली, कञ्चनपुर, डडेल्धुरा, बैतडी, बझाङ, दार्चुला | ६० |

| | | | | |
|---|---|---|---|---|
| १८ | सुदुरपश्चिम | दिपायल, डोटी | डोटी, अछाम, बाजुरा | २८ |
| जम्मा | | | | ७५३ |

## अनुसूची ३ः समूहकृत देशहरूको नाम र सो अन्तर्गत राखिएका देशको नाम

१. सार्क मुलुकः अफगानिस्थान, बंगलादेश, भुटान, माल्दिभ्स, पाकिस्तान, श्रीलंका

२. आसियन मुलुकः ब्रुनाई, कम्बोडिया, इन्डोनेशिया, लाओस, मलेसिया, म्यानमार (बर्मा), फिलिपिन्स, सिंगापुर, थाइल्याण्ड, भियतनाम,

३. मध्यपूर्वका मुलुकः बहराईन, इरान, इराक, इजरायल, जोर्डन, कुवेत, किर्जिस्थान, लेवनन, लिविया, ओमन, प्यालेस्टाइन, कतार, साउदी अरेबिया, सिरिया, ताजिकिस्तान, टर्की, तुर्केमेनिस्थान, युनाइटेड अरब इमिरेटस, उब्जेकिस्तान, यमन

४. अन्य एशियाली मुलुकः चीन, हङकङ, जापान, काजिकस्तान, उत्तर कोरिया, दक्षिण कोरिया, मकाउ, मंगोलिया, ताइवान

५. युरोपियन युनियन आवद्ध मुलुकः अस्ट्रिया, बेल्जियम, बुल्गेरिया, साइप्रस, चेक रिपब्लिक, डेनमार्क, स्टोनिया, फिनल्याण्ड, फ्रान्स, जर्मनी, ग्रीस, हंगेरी, आइरल्याण्ड, इटाली, लाटभिया, लिथुनिया, लक्जम्वर्ग, माल्टा, नेदरल्याण्ड, पोल्याण्ड, पोर्तुगल, रोमानिया, स्लोभाकिया, स्लोभानिया, स्पेन, स्वीडेन,

६. अन्य युरोपेली मुलुकः यु.के. (बेलायत), अल्बानिया, एण्डोरा, अर्मेनिया, अजरबैजान, बेलारुस, बेलिज, बोस्निया हर्जगोभिना, क्रोसिया, जर्जिया, जिब्राल्टर, आइसल्याण्ड, मेसेडोनिया, मोल्डोभा, मोनाको, मन्टेनिग्रो, नर्बे, रसिया, सानमारिनो, सर्विया, स्विजरल्याण्ड, युक्रेन,

७. उत्तर अमेरिकी मुलुकः क्यानडा, यु.एस.ए. (अमेरिका), ग्रीनल्याण्ड

८. दक्षिण अमेरिकी मुलुकः एन्टिगुआ एण्ड बर्मुडा, अर्जेन्टिना, बाहामा, बोलिभिया, ब्राजिल, चिली, कोलम्बिया, कोस्टारिका, क्युवा, डोमेनिक, डोमेनिक रिपब्लिक, इक्वेडर, एल साल्भाडोर, फकल्याण्ड, ग्रेनेडा, ग्वाटेमाला, गुयना, हैटी, होन्डुरस, जमैका, मेक्सिको, निकारागुवा, पानामा, पाराग्वे, पेरु, ट्रिनिडाड एण्ड टोबागो, उरुग्वे, भेनेजुयला

९. अफ्रिकाः अल्जेरिया, अंगोला, बेनिन, बोत्स्वाना, बुर्किना फासो, बुरुण्डी, क्यामरुन, केपभर्डे, सेन्ट्रल अफ्रिकन गणतन्त्र, चाड, कंगो, डिजिबुटी, इजिप्ट, इरिट्रिया, इथियोपिया, फ्रेन्च गुयना, गाबोन, गाम्बिया, घाना, गुयना, गिनी बिसाउ, केन्या, लेसोथो, लाइबेरिया, माडागास्कार, मलावी, माली, मौरिटानिया, मौरिसस, मोरक्को, मोजाम्बिक, नामिबिया, नाइजर, नाइजेरिया, रुवान्डा, सेनेगल,

सिरालिओन, सोमालिया, दक्षिण अफ्रिका, सुडान, सुरिनाम, सेवाजिल्याण्ड, तान्जानिया, टोगो, ट्युनिसिया, युगान्डा, पश्चिमी साहारा, जाम्बिया, जिम्बाबे

१०. प्रशान्त महासागरीय टापु मुलुकः अस्ट्रेलिया, फिजी, किरीबाटी, मार्शल आईलैण्ड, म्याक्रोनेसिया, नाउरु, न्यु केलेडोनिया, न्यूजिल्याण्ड, निउए, पलाउ, पपुवा न्यूगिनी, सामोआ, सोलोमोन आईलैण्ड, टिमोर लेट्से, टोङगा, टुभालु, भानुआतु,

## अनुसूची ४ः सन्दर्भ सामग्रीहरू


१. राष्ट्रिय जनगणना २०७८ संक्षिप्त नतिजाका घरपरिवार र व्यक्तिगत तालिकाहरू, राष्ट्रिय तथ्याङ्क कार्यालय, थापाथली, काठमाण्डों

२. राष्ट्रिय जनगणना २०७८ को नतिजाको व्यक्तिगत तालिकाको जातजाति, भाषा र धर्मको विवरण भएका प्रतिवेदनहरू, राष्ट्रिय तथ्याङ्क कार्यालय, थापाथली, काठमाण्डो

३. राष्ट्रिय जनगणना २०७८ को नतिजाको घरपरिवार लगत सूचिकरण गरेको घर र अन्य सेवा सुविधा सम्बन्धी विवरणका तालिकाहरू, राष्ट्रिय तथ्याङ्क कार्यालय, थापाथली, काठमाण्डों

४. वार्षिक प्रतिवेदन, आ.व. २०७९/८०, प्रदेश नीति तथा योजना आयोग, पोखरा

५. आर्थिक सर्वेक्षण- २०७९/८०, अर्थ मन्त्रालय, गण्डकी प्रदेश, पोखरा २०८०

६. राष्ट्रिय आर्थिक गणना २०७५, प्रमुख नतिजाहरू, केन्द्रीय तथ्याङ्क विभाग, पौष २०७६

७. जनसङ्ख्या साक्षरता राष्ट्रिय तथ्याङ्क कार्यालय थापाथली काठमाण्डौ चैत्र २०८०

८. जिल्ला स्थित विभिन्न कार्यालय, स्थानीय तह र संघसंस्थाहरूको वार्षिक प्रतिवेदन र रेकर्डहरू, २०८०

९. National sample Census of Agriculture Nepal 2021/22 District Summary (By Province), NSO, October, 2023, Kathmandu.

१०. National Economic Census, 2018, Central Bureau of Statistics, 2020, Kathmandu

११. Nepal Human Development Report, 2020, NPC, UNDP

१२. National Industrial Survey 2019/20, Provincial Report- Gandaki Province, 2022, CBS

१३. Summary Results of Nepal Living Standards Survey Fourth (2079/80),2023, NSO

१४. Provincial National Account Estimation, CBS and NSO, Kathmandu, Nepal

१५. Nepal distributive trade Survey, 2022, National Report, NSO, Kathmandu.



















# ऋषिङ्ग गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

पोखरीभञ्ज्याङ्ग, तनहुँ, गण्डकी प्रदेश, नेपाल